Silver Jubilee
YUGAAWHAN NATIONAL DAILY
ESTD : 2057
25th
RAJAT JAYANTI 2082

कर्णाली प्रदेशको पहिलो राष्ट्रिय दैनिक

# युगआह्वान

yugnews.com

निष्पक्षता, निर्भिकता, निरन्तरता...

(ई पेपर पढ्न स्क्यान गर्नुहोस् ।)

वर्ष: २६ | अंक: ७३ | वि.सं. २०८३ असार ११ बिहीवार | नेपाल संवत्: ११४५, ज्येष्ठ शुक्ल एकादशी | Thursday 25 June 2026 | yugaawhan@gmail .com | पृष्ठ: ४ | मूल्य: ५ ।-

## ११ महिनामा १ लाख ८५ हजार डोजभन्दा बढी वीर्य उत्पादन



**सरला सुवेदी**
**बाँके, १० असार ।**

बाँकेको खजुरा गाउँपालिका-२ गौघाटस्थित राष्ट्रिय पशु प्रजनन कार्यालयले चालु आर्थिक वर्षको जेठ मसान्तसम्म ११ महिनाको अवधिमा विभिन्न जातका राँगा, साँढे तथा बोकाबाट एक लाख ८५ हजारभन्दा बढी डोज जमेको वीर्य (सिमेन) उत्पादन गरेको छ।

कार्यालयको ४७ औँ फार्म दिवसको अवसरमा मंगलबार आयोजित कार्यक्रममा कार्यालय प्रमुख वरिष्ठ पशु विकास अधिकृत डा. खिमानन्द खनालले प्रगति विवरण सार्वजनिक गर्दै कार्यालयले हालसम्म कुल १ लाख ८५ हजार ७६ डोज जमेको वीर्य उत्पादन गरेको जानकारी दिए।

उनका अनुसार जर्सी साँढेबाट २८ हजार ३०९ डोज, होलिस्टिनबाट ४४ हजार ९५६ डोज गरी कुल ७३ हजार २६५ डोज साँढेको वीर्य उत्पादन भएको छ। त्यसैगरी नेपालगञ्ज मुर्राबाट ८१ हजार १६० डोज, भारतीय मुर्राबाट २० हजार ५३४ डोज तथा गड्डी जातका राँगाबाट ४ हजार ५३७ डोज गरी एक लाख ६ हजार २३२ डोज राँगाको वीर्य उत्पादन गरिएको छ। साथै बोयर जातका बोकाबाट ५ हजार ५८० डोज वीर्य उत्पादन गरिएको कार्यालयले जनाएको छ।

कार्यक्रममा बोल्दै डा. खनालले २०३६ सालमा भैंसी फार्म (बुल सेन्टर) का रूपमा स्थापना भएको कार्यालय विभिन्न चरणको विकासक्रम पार गर्दै ४७औँ वर्षमा प्रवेश गरेको बताए। उनका अनुसार २०४२ सालमा पशु प्रजनन कार्यालयका रूपमा स्थापना भएको यो संस्था २०६० सालमा चरन तथा घाँसेबाली बीउ वृद्धि फार्ममा रूपान्तरण भएको थियो भने संघीयता कार्यान्वयनसँगै २०७५ सालदेखि राष्ट्रिय पशु प्रजनन कार्यालयका रूपमा सेवा प्रवाह गर्दै आएको छ।

कार्यालयले हाल सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका २५ जिल्लामा सेवा प्रदान गरिरहेको छ। बाँके, बर्दिया, दाङ, प्युठान, रोल्पा, पूर्वी रुकुमलगायत जिल्लामा कृत्रिम गर्भाधानका लागि आवश्यक जमेको वीर्य उत्पादन तथा वितरणसँगै विभिन्न जातका घाँसका बीउ तथा बिरुवा उत्पादन र वितरणको कार्यसमेत भइरहेको उहाँले जानकारी दिए। कार्यालयले प्राकृतिक गर्भाधान सेवा पनि सञ्चालन गर्दै आएको छ।

पशु विकास अधिकृत डा. मिलनकुमार चौधरीका अनुसार चालु आवको जेठ मसान्तसम्म

बाँकी २ पेजमा

## सुर्खेतका नौ पालिकाको बजेट सार्वजनिक

# पूँजिगततर्फ वीरेन्द्रनगरको ६४ प्रतिशत
# अन्य पालिकाको चालु बजेट दोब्बरले बढी

सुर्खेतका नौ स्थानीय तह मध्ये वीरेन्द्रनगर नगरपालिकापछि अर्बमा बजेट ल्याउने पालिका गुर्भाकोट नगरपालिका छ । अन्य तीन नगरपालिका र चार गाउँपालिले करोडको अंकमा बजेट ल्याएका छन् । करोडमा बजेट ल्याउने पालिकाले पूँजिगत बजेटको तुलनामा चालु बजेटलाई उच्च प्राथमिकतामा राखेका छन् ।

**ओम शाही**
**सुर्खेत, १० असार ।**

सुर्खेतका नौ वटै स्थानीय तहले आगामी आर्थिक वर्ष २०८३/०८४ को वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न वार्षिक बजेट सार्वजनिक गरेका छन्। संवैधानिक व्यवस्था अनुसार १० असारमा स्थानीय तहहरुले आफ्ना वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्न बजेट प्रस्तुत गर्नुपर्ने हुन्छ।

सोही बमोजिम सुर्खेतका पालिकाले कुल नौ अर्ब ७३ करोड ९१ हजार बराबरको बजेट सार्वजनिक गरेका हुन्। पालिकाहरुले सार्वजनिक गरेको बजेटमा कृषि, पूर्वाधार, शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी सिर्जना, सुशासन प्रवर्द्धन र सार्वजनिक सेवा प्रवाह, आर्थिक समृद्धि, सञ्चार तथा सूचना प्रविधि, युवा तथा महिला शसक्तिकरण, पर्यटन प्रवर्द्धन र उत्पादनमुखी कार्यक्रमलाई प्राथमिकता दिएको दावी गरेका छन्।

आगामी वर्षमा केही बाहेक अधिकांश पालिकाले पुरानै कार्यक्रमलाई निरन्तरता दिएको देखिन्छ। सार्वजनिक बजेट अनुसार वीरेन्द्रनगर नगरपालिका बाहेक अन्यले पूँजिगतको तुलनामा झण्डै दोब्बरले चालुतर्फको बजेटको अनुमानित अंक सार्वजनिक गरेका छन्।



वीरेन्द्रनगर नगरपालिकाले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम कार्यान्वयन गर्न चार अर्बको बजेट सार्वजनिक गरेको छ। बुधबार १९औं नगरसभामा नगरपालिकाका उपप्रमुख निलकण्ठ खनालले आगामी वर्षका लागि चालुतर्फ एक अर्ब ६८ करोड ३१ लाख ८९ हजार र  पूँजिगततर्फ तीन अर्ब दुई करोड ७० लाख ८२ हजार गरी कुल चार अर्ब ७१ करोड दुई लाख ७२ हजार बराबरको बजेट प्रस्तुत गरेका हुन्।

यो कुल बजेटको चालुतर्फ ३६ र पूँजिगततर्फ ६४ प्रतिशत हो। नगरपालिकाले अघि सारेको आगामी आर्थिक वर्षको बजेटमा खर्च व्यहोर्ने स्रोतका रुपमा संघीय वित्तीय सामानीकरण अनुदानवापत प्राप्त हुने २४ करोड ६० लाख, संघीय सर्शत अनुदान दुई अर्ब ६७ करोड ९६ लाख, संघीय राजश्व बाँडफाँड २१

बाँकी ४ पेजमा

### यस्तो छ अन्य पालिकाको बजेट

सुर्खेतका नौ स्थानीय तह मध्ये वीरेन्द्रनगर नगरपालिकापछि अर्बमा बजेट ल्याउने पालिका गुर्भाकोट नगरपालिका छ। अन्य तीन नगरपालिका र चार गाउँपालिले करोडको अंकमा बजेट ल्याएका छन्। करोडमा बजेट ल्याउने पालिकाले पूँजिगत बजेटको तुलनामा चालु बजेटलाई उच्च प्राथमिकतामा राखेका छन्।

आगामी आर्थिक वर्षका लागि बराहताल गाउँपालिकाले ६३ करोड ६ लाख ९६ हजार ५० रुपैयाँको बजेट ल्याएको छ। बराहतालले चालुतर्फ कूल बजेटको ६८ प्रतिशत र पुँजिगततर्फ ३२ प्रतिशत बजेट ल्याएको छ। त्यस्तै, चौकुने गाउँपालिकाले आगामी वर्षका लागि चालुतर्फ ४० करोड ८६ लाख ६६ हजार र पूँजिगततर्फ १९ करोड ८७ लाख ५० हजार रुपैयाँ गरी कुल ६० करोड ७४ लाख १६ हजार बराबरको बजेट

बाँकी ३ पेजमा

## चोरी गरी अमेरिका पुर्‍याइएका नेपालका दुई अमूल्य मूर्ति फिर्ता

**युग संवाददाता**
**काठमाडौँ, १० असार ।**

नेपालबाट चोरी गरी अमेरिका पुर्‍याइएका नेपालका दुई वटा अमूल्य मूर्ति फिर्ता नेपाललाई फिर्ता गरिएको छ। न्युयोर्कस्थित नेपाली महावाणिज्यदूतावासमा आज आयोजित विशेष हस्तान्तरण समारोहमा न्युयोर्कको सरकारी वकिलको कार्यालयले पद्मपाणी र नृत्यदेवीका मूर्तिको स्वामित्व औपचारिक रूपमा नेपाल सरकारलाई हस्तान्तरण गरेको हो।

समारोहमा न्युयोर्कस्थित नेपाली महावाणिज्यदूत दधिराम भण्डारी तथा म्यानहटन सरकरी वकिलको कार्यालयअन्तर्गतको पुरातात्विक वस्तु तस्करी नियन्त्रण एकाइका प्रमुख कर्नेल म्याथ्यु बोग्डानोसले हस्तान्तरणसम्बन्धी सहमति पत्रमा हस्ताक्षर गरे।

महावाणिज्य दूतावासले जारी गरेको विज्ञप्ति अनुसार तेह्रौँ शताब्दीको कास्य पद्मपाणीको मूर्ति काठमाडौँस्थित थमबहिल (विक्रमशील महाविहार, भगवानबहाल) को अनुपम कलाकृति मानिन्छ। उक्त मूर्तिको अन्तिम तस्बिर सन् १९७१ मा लिइएको अभिलेखमा उल्लेख छ भने सन् १९७१ र १९७७ बीच कुनै समयमा अवैध रूपमा अमेरिका पुऱ्याइएको ठानिएको छ।

त्यसैगरी, सोह्रौँ शताब्दीको काठबाट निर्मित नृत्यदेवीको मूर्ति ललितपुरको इबहा बहीको उत्कृष्ट काष्ठकलाको नमुना मानिन्छ। उक्त मूर्ति सन् १९६९ र १९८३ बीच कुनै समयमा चोरी गरी अमेरिका लगिएको अनुमान गरिएको छ। पछि यो मूर्ति न्युयोर्कस्थित महानगर सङ्ग्रहालयबाट बरामद गरिएको थियो।

यी दुवै सम्पदा न्युयोर्क सरकारी वकिलको कार्यालयले अमेरिकी गृह सुरक्षा अनुसन्धान निकाय तथा अन्य साझेदार संस्थासँगको सहकार्यमा खोजी गरेर नेपाललाई हस्तान्तरण गरिएको हो। त्यस अवसरमा महावाणिज्यदूत भण्डारीले नेपाल सरकार तथा नेपाली जनताका तर्फबाट अमेरिकी सरकार, न्युयोर्क सरकारी वकिलको कार्यालय, गृह सुरक्षा अनुसन्धान निकाय, अनुसन्धानकर्ता, सङ्ग्रहालय, सम्पदा संरक्षण अभियन्ता तथा समुदायका सदस्यप्रति आभार व्यक्त गरे। उनले सबैको संयुक्त प्रयासबाट यी अमूल्य सांस्कृतिक सम्पदाको खोजी, नेपाललाई पुनः स्वामित्व प्राप्ति र स्वदेश फिर्ती सम्भव भएको बताए।

नेपाल र अमेरिकाबीच सांस्कृतिक सम्पदाको अवैध ओसारपसार नियन्त्रणका लागि विकसित हुँदै गएको सहकार्य अन्तरराष्ट्रिय साझेदारीको उत्कृष्ट उदाहरण भएको तथा साझा सांस्कृतिक सम्पदा संरक्षणप्रतिको प्रतिबद्धताको प्रतीक भएको उनको भनाइ थियो।

उनले अमेरिकास्थित नेपाली समुदाय तथा सामुदायिक संस्थाहरू, विशेषगरी नेवा गुठी न्युयोर्कलाई नेपालका सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनमा पुऱ्याएको योगदानका लागि धन्यवाद दिए। हस्तान्तरणपछि ती दुवै सम्पदालाई यही जुन २५ मा नेपाल पठाइने जनाइएको छ। ढुवानी तथा व्यवस्थापनको कार्य नेपाली महावाणिज्यदूतावास र नेवा गुठी न्युयोर्कको समन्वयमा गरिनेछ भने गुठीका प्रतिनिधिहरूले सम्पदासँगै नेपालसम्म यात्रा गर्नेछन्।

**मौसमजन्य भाइरलबाट सुरक्षित बनौं**

- मौसम परिवर्तनसँगै स्वास्थ्यमा विशेष ध्यान दिऔं,
- नियमित रूपमा साबुनपानीले हात धुने बानी बसालौं,
- भीडभाडयुक्त स्थानमा आवश्यक सावधानी अपनाऔं,
- स्वच्छ पानी र ताजा तथा पोषणयुक्त खाना सेवन गरौं,
- खोक्दा वा हाछ्युँ गर्दा मुख-नाक छोपौं,
- घर तथा वरपरको वातावरण सफा र स्वच्छ राखौं,
- ज्वरो, रुघाखोकी वा अन्य लक्षण देखिए तुरुन्त स्वास्थ्य जाँच गराऔं,

**स्वस्थ र सुरक्षित जीवनशैली अपनाऔं**
**चिकित्सकको सल्लाहबिना औषधि सेवन नगरौं।**

नेपाल सरकार
विज्ञापन बोर्ड

मिस्त्री गुरुङ्ग दाई
हेमराज बुढा

Bhawani Auto Workshop, Birendranagar-Surkhet

९८५८०५५६२९
९८५१३२९१६९
९८४९३२१४४२

भवानी अटो वर्कसप
वीरेन्द्रनगर-१२, एयरपोर्ट चोक, सुर्खेत

TOYOTA | BYD | Mahindra | FORCE | ISUZU | FOTON | TATA

Servicing | Repair | Denting | Panting | Washing

हाम्रा सेवाहरु
- गाडीको डेण्ट, पेन्ट, प्लाष्टिक वल्डिङ्ग
- चार पाङ्ग्रे सबै गाडीको इन्जिन मर्मत गर्नुका साथै बोरिङ गरिन्छ ।
- बाटोमा, घरमा गाडी बिग्रिए सोही ठाउँमा पुगेर मर्मत गरिन्छ ।
- डिजेल, पेट्रोल र इलेक्ट्रोनिक्स गाडीका पार्टस् पाउनुका साथै अनुभवी, दक्ष मिस्त्रीबाट मर्मत गरिन्छ ।
- गाडी वासिङ (धुलाई) सरसफाई गरिन्छ ।
- सबै खाले गाडी तथा ड्राइभर (चालक) भाडामा चाहिएमा हामीलाई सम्झनुहोस् ।

## सम्पादकीय....

# कर्णालीको ऊर्जामा लगानी खाँचो

कर्णाली प्रदेश प्राकृतिक स्रोत-साधनका दृष्टिले नेपालको सबैभन्दा सम्भावनायुक्त प्रदेशमध्ये एक हो । विशेषगरी कर्णाली र भेरी नदी प्रणालीले बोकेको विशाल जलस्रोत कर्णालीको आर्थिक रूपान्तरणको प्रमुख आधार बन्न सक्छ । यही सम्भावनालाई थप पुष्टि गर्ने गरी डोल्पा, जाजरकोट र रुकुम पश्चिममा निर्माणको तयारीमा रहेको १२४.३५ मेगावाट क्षमताको जगदुल्ला-ए जलविद्युत आयोजना वातावरणीय प्रभाव मूल्यांकनको चरणमा प्रवेश गरेको छ । यो केवल एउटा आयोजना मात्र होइन, कर्णालीको ऊर्जा समृद्धितर्फको अर्को महत्वपूर्ण पाइला पनि हो । वर्षौंदेखि विकासका सूचकांकमा पछाडि परेको कर्णालीसँग उद्योग, व्यापार र पूर्वाधार विकासका लागि आवश्यक ऊर्जा स्रोत भने प्रशस्त मात्रामा उपलब्ध छ । भेरी र कर्णाली नदी बेसिनमा हजारौं मेगावाट विद्युत उत्पादनको सम्भावना रहेको विभिन्न अध्ययनहरूले देखाएका छन् । माथिल्लो कर्णाली, जगदुल्ला, नलगाड, भेरी करिडोरलगायतका आयोजना क्रमशः अघि बढ्दै जानु प्रदेशको आर्थिक भविष्यका लागि सकारात्मक संकेत हो ।

जगदुल्ला-ए आयोजनाले प्रत्यक्ष रूपमा विद्युत उत्पादन मात्र गर्ने छैन, यसले निर्माण अवधिदेखि नै रोजगारी सिर्जना, स्थानीय सीप विकास, व्यापार-व्यवसाय विस्तार तथा सडक पूर्वाधार सुधारमा महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ । आयोजनाबाट प्राप्त हुने रोयल्टीले स्थानीय तह र प्रदेश सरकारको राजस्व वृद्धि हुनेछ भने त्यसले शिक्षा, स्वास्थ्य, कृषि तथा अन्य विकास निर्माणका क्षेत्रमा लगानी बढाउन सहयोग पुऱ्याउनेछ । कर्णालीको समृद्धिको बहस गर्दा ऊर्जा क्षेत्रलाई केन्द्रमा राख्नैपर्छ । पर्याप्त विद्युत उत्पादन भएपछि कृषि प्रशोधन उद्योग, पर्यटन क्षेत्र, सूचना प्रविधि तथा साना-मझौला उद्योगहरूको विकासका लागि आधार तयार हुन्छ । हाल युवा रोजगारीको खोजीमा प्रदेश बाहिर र विदेश पलायन भइरहेका छन् । जलविद्युत आयोजनाले स्थानीयस्तरमै रोजगारी र आर्थिक गतिविधि सिर्जना गरेर यो प्रवृत्ति कम गर्न महत्वपूर्ण भूमिका खेल्न सक्छ । यद्यपि विकासका नाममा वातावरणीय र सामाजिक पक्षलाई बेवास्ता गर्न भने मिल्दैन । आयोजना प्रभावित समुदायका सरोकार, जैविक विविधताको संरक्षण, नदीको न्यूनतम बहाव, उचित क्षतिपूर्ति तथा पुनःस्थापनाजस्ता विषयलाई उच्च प्राथमिकता दिनुपर्छ । सार्वजनिक सुनुवाइमार्फत स्थानीयको राय-सुझाव संकलन गरिएको सन्दर्भमा ती सुझावहरूलाई व्यवहारमा कार्यान्वयन गर्नु अझ महत्वपूर्ण हुनेछ । कर्णाली र भेरी नदी बेसिनमा रहेका जलविद्युत सम्भावनाको दिगो उपयोग गर्न सके कर्णाली केवल ऊर्जा उत्पादनको केन्द्र मात्र बन्ने छैन, यसले समग्र प्रदेशको आर्थिक मुहार परिवर्तन गर्न सक्छ ।

प्राकृतिक स्रोतलाई स्थानीय समृद्धिसँग जोड्ने स्पष्ट नीति, प्रभावकारी कार्यान्वयन र समुदायको सहभागितासहित जलविद्युत विकासलाई अघि बढाउन सकियो भने कर्णालीको उज्यालो भविष्य धेरै टाढा रहने छैन । कर्णाली उर्जामा मात्र होइन, कृषि, पशुपालन जडिबुटी, खानि तथा खनिज र पर्यटनको अथाह सम्भावना भएको क्षेत्र हो । तर, सदियौंदेखि काठमाण्डौंले कर्णालीलाई समस्या र अभावको खाल्डोको रुपमा हेरिरहेको छ । राज्यको हेय दृष्टिले कर्णाली सुनको सिरानी हालेर नुनको खोजिमा भौतारिरहेको छ । जबसम्म सन्तुलित विकासको अवधारणा अनुरुप कमजोर प्रदेशलाई माथि उठाउन अवसरको समान वितरण गरिदैन तबसम्म कर्णाली कदापी माथि उठ्दैन । नेताहरुले कर्णालीको अभाव र विकटतालाई राजनीतिमा शक्ति आर्जन गर्ने माध्यम बनाए । तर, कर्णालीको मानकलाई माथि उठाउन दृढ इच्छा शक्ति कहिल्यै राखेनन् । यो नै कर्णालीका लागि विडम्बनाको विषय हो । यद्यपी, कर्णालीमा केही भएन भन्ने चाँही होइन । हिजोका अभ्यास र सिकाईबाट पाठ सिकेर कर्णालीको भुगोललाई होइन सम्भावनालाई केन्द्रमा राखेर अवसरको समाना वितरण गर्नतर्फ संघीय सरकारले ध्यान पुऱ्याउन आवश्यक छ । कर्णालीलाई विकासको मुलधारमा ल्याए यसले देशको कुल आयमा ठुलो हिस्सा आगट्नेमा दुई मत छैन ।

# कसले बनाउँला समृद्ध कर्णाली ?



✍ तारा प्रसाद खत्री (रिजाल)



देशमा पटक-पटक राजनीतिक परिवर्तनहरु भए हरेक परिवर्तनमा यहाँका जनताले रगत, पसिना बगाएर जीवनदान दिए तर कर्णाली परिवर्तन कहिल्यै हुन सकेन । विकासका संरचनाहरु केवल कछुवाको गतिमा सिमित रहन पुँगे । कुन कुराको कमि छ कर्णालीमा तर पनि कर्णालीको मुहार फेरिन सकेन । भौगोलिक विविधतायुक्त, प्राकृतिक सुन्दरताले सजिएको, जडिबुटीको खानी तर राज्यको नयनबाट टाढा छ कर्णाली । यति सम्पन्न साधन स्रोतले भरि पूर्ण कर्णालीबाट फाइदा लिन नसक्नु जनताको जीवनस्तर माथि उठ्न नसक्नु आफैमा दुखदायी विषय बनेको छ ।

भौगोलिक बनावटका हिसाबले पाउमा भित्री मधेश, छातीमा पहाड र शिरमा हिमालले छोपेको छ । नेपाली भाषाको उद्गम स्थल, जात जाति, भाषा भाषि, कला संस्कृतिक विविधताले भरिपूर्ण छ जहाँ एक घण्टाको यात्रामा विभिन्न किसिमको मौसमी झरकपना पाउन सकिन्छ ।हरेक राजनीतिक परिवर्तनमा राजनीतिक दलहरुले कति आश्वासन बाँडे, यहाँका सिदासादा जनताहरुले सुइनाहरु बुने तर ति सुइना-सुइनामै सिमित रहन पुगे ।

> विकासको बाटो लामो र अफ्ठेरो हुन्छ, तर जतिसुकै लामो बाटो भएपनि हिड्ने मानिसमा प्रयाप्त आत्म विश्वास र उत्साह छ भने त्यो बाटो छिचोल्नै नसकिने चाँहि हुँदैन ।

कर्णालीमा विकास नभएको चाहि हैन तर चामल देखाएर कनिका छर्ने काम भएको छ भन्दा फरक नपर्ला। राज्यबाट हरेक आर्थिक वर्षहरुमा विनियोजन हुने बजेटबाट सधै कर्णालीलाई पाई पारिनु, कति सम्म न्यायोचित होला ? त्यही बजेट पनि राजनीतिक खिचातानिका कारण हरेक बर्षहरुमा पूर्णः फिर्ता जानु कति दुखदायी विषय बनेको छ । देशमा संघीयता आएको यतिका बर्षहरु बितिसक्दा पनि कर्णालीका समस्याहरु ज्यूका त्यू हुनु आफैमा पिडादायी विषय हो । राजनीतिक शासकका आडमा शिक्षामा भएको हस्तक्षेपका कारण सामूदायिक विद्यालयहरु आफू शिक्षाको भिक्षा माग्ने अवस्थामा पुगेका छन् भने निजी विद्यालयहरु दिन प्रतिदिन तिब्र गतिमा फैलिरहेका छन् ।

स्वास्थ्य क्षेत्रको अवस्था पनि दयनिय छ के निजी शिक्षा र स्वास्थ्य सबै वर्गको पहुँच सम्म पुग्ला र ? सधै कर्णालीका सामुदायक विद्यालयहरुमा समयमा पाठ्य पुस्तक पुग्न नसक्नु, विद्यार्थीले आधा पुस्तक पढेका भरमा परीक्षा दिन बाध्य हुनु, शिक्षाका लागी प्रयाप्त साधन स्रोत उपलब्धता नहुनु, विरामीले समयमा उपचार नपाउनु, गर्भवती महिलाले हिउँमा बच्चा जन्माउनु, सधै बाढी पहिरो तथा प्राकृतिक प्रकोपको सिकार बन्नु यस्ता विविध कुराहरुबाट कर्णालीका जनता कहिले मुक्त हुनेहुन् त्यो हेर्न बाँकी नै छ । राजनीतिको आडमा हुने भ्रष्टाचार (अनियमितता, बेरुजुका चाङले आकाश छुने अवस्थामा छ । शक्तिकै आडमा हुने अतिक्रमणले सरकारी सम्पत्ति बत्ति बालेर खोज्नु पर्ने अवस्थामा छ । भ्रष्टाचारको कुरा गर्नु पर्दा वडा, पालिका, जिल्ला हुँदै प्रदेशसम्म कहि कतै चोखो भेटिँदैन होला सायद । युवा तथा बौद्धिक पलायन दिनप्रति दिन बढ्दो छ यसलाई न्युनिकरण गर्ने, देशमा नै रोजगारीको सिर्जना गर्न, जनतालाई संधै परनिर्भर हैन आत्मनिर्भर बनाउने तिर कसैको पनि ध्यान जान नसकेको अवस्था छ । राजनीतिक परिवर्तन त भए आखिर दलका नेता, कार्यकर्ता तथा आफ्न्तका जीवनस्तर परिवर्तन भए जनता हिजो जुन अवस्थामा थिए आज पनि खासै परिवर्तन हुन सकेका छैनन । आखिर के कुराको कमी छ कर्णालीमा ?

कृषि क्षेत्रको हिसाबले तराईमा फल्ने गहुँ, धान, मकै, मास, मसुरी, तोरी लगाएत पहाडमा फल्ने कोदो, फापर, चिनु, जौं तथा उच्च हिमाली क्षेत्रमा फल्ने मार्सेधान हाम्रै कर्णालीमा फल्छन । त्यस्तै फलफूलका कुरा गर्नु पर्दा केरा, आँप, लिचि, स्याउ सुन्तला, अङ्गुर, नासपाति लगायत भूगोल अनुसारका विभिन्न किसिमका फलफूलहरु फल्छन् । जडिबुटीका हिसाबले धनि प्रदेश जहाँ विश्वकै बहुमूल्य जडिबुटी मध्येको यार्सागुम्बा लगायत पाँचऔले, पदमचाल्लो, जटामसी, कुरिलो, भुल्ते, कोपचाल्लो झामिलो आदि सयौ प्रजातिका जडिबुटीहरुको खानी छ । पर्यटन क्षेत्रको बारेमा भन्नु पर्दा आन्तरिक तथा बाह्य पर्यटकहरुका नामी लोभ्याउने पर्यटकीय स्थल, ताल तलैया, खोला, नदी, झरना आदि छन् ।

विश्वकै उच्च स्थानमा रहेको ताल मुगुको रारा ताल, हिमाल मध्येकै एक डोल्पाको से-फोक्सुण्डो ताल, जमिनबाट आकाशतिर पानी उत्पत्ति भएको सुर्खेतको बुलबुले ताल, रुकुम (पश्चिम) रितल, स्यार्पु दह, सल्यानको कुपिण्डे दह, जाजरकोटको नागाईकावाताल, दैलेखको पाचाल झरना यस्ता सयौ ताल तलैया, झरना, डाडा, पाखा, बुकी पाटनहरु छन् । जसले पर्यटकलाई आकर्षित गर्ने गर्दछन् । यी क्षेत्रहरुमा प्रकृती, साहसी धार्मिक, पदयागी, कृषि जस्ता विविध किसिमका पर्यटकहरु भित्रै भरपुर मनोरञ्जन दिन सक्छौं र बद्लामा आर्थिक तथा रोजगारी जस्ता फाइदा लिन सक्छौं ।

त्यस्तै धार्मिक पर्यटकहरुका लागि देउती बज्यै, काँक्रेविहार सुर्खेत, श्रीस्थान दैलेख, चन्दननाथ दैलेख प्रमुख गन्तव्यहरु मानिन्छन्। उर्जा क्षेत्रका हिसाबले सबै भन्दा अग्रस्थानमा रहेको छ कर्णाली । यहाँ कर्णाली, भेरी, सारदा, तिला, ठुलिगाड, चिङगाड डुङ्गेश्वर लगाएत सयौ नादिनालाहरु त्यातिकै खेर गइरहेका छन् । यस्ता उर्जाका स्रोतहरुको सदुपयोग गरी स्थानिय स्रोत साधनबाट नै हजारौ मेघावाट विद्युत उत्पादन गर्न सक्छौं । जसबाट कर्णालीलाई चौविसै घण्टा उज्यालो पार्न सकिन्छ । राज्यका संरचनाहरु मुख्य गृह, उर्जा, अर्थ, वन, पर्यटन, रक्षा, भौतिक योजना तथा यातायात जस्ता शक्तिशाली मन्त्रालयहरुमा पठाउन सफल भए राजनीतिक दलका नेताहरु लाई कर्णालीका जनताहरुले आखिर के पाए ।

कर्णालीका जनताका पिडा, वेदनाका चित्कारहरुलाई लाटाले कानथुनेर गङगरा चपाए झै चपाइ रहे । मैले यहाँ मलेसियाको सानो अंश जोड्न चाहे । त्यहाँको केमरुन हाइलेण्ड भन्ने डाडामा फलैको तरकारी, फलफूल आफ्नो देश लगाएत सिङगापुर सम्म निर्यात गर्न सफल भएको छ । त्यस्तै ग्याण्टीङ हाइलेण्डको एउटा डाँडाले विश्वका पर्यटकहरुलाई तान्न सफल भएको छ त्यस्ता डाँडा त हाम्रो कर्णालीमा सयौं सङख्यामा रहेका छन । हामीलाई केवल सक्षम पारदर्शी नेतृत्वको अभाव छ । कर्णालीको समृद्धिको लागि राज्य र निजि क्षेत्रको लगानी आवश्यक छ ।

अब समृद्ध कर्णाली बनाउनका लागि कर्णालीमा जिज्ञासु, सिर्जनशील, असल चरित्रवान, आटिलो, आत्मबल भएको, योग्य, सामर्थ्यवान तथा समाजवादी सोच भएको राजनीतिक दलका नेताको आवश्यक छ । यो चुन्ने जनताको हातमा छ । कर्णालीको उज्ज्वल भविष्यका लागि यहाँका जनताहरुले सहि नेतृत्व चुन्ने बेला आएको छ ।

*(९८६२११०८२०*
*भेरीगंगा न.पा.-१० छिन्चु, सुर्खेत)*

## ११ महिनामा...

कार्यालयबाट ६३ हजार २९७ डोज वीर्य वितरण गरिएको छ । जसमध्ये जर्सी जातको २५ हजार ३६६ डोज, होलिस्टिनको ९ हजार ५१७ डोज र साहीवाल जातको ९१३ डोज गरी ३७ हजार ९३६ डोज साँढेको वीर्य वितरण गरिएको छ ।

त्यसैगरी नेपालगञ्ज मुर्राको २९५ डोज र भारतीय मुर्राको २३ हजार ८५२ डोज गरी २४ हजार १४७ डोज राँगाको वीर्य वितरण गरिएको छ भने बोयर बोकाको १ हजार २१४ डोज वीर्य किसानसम्म पुगेको छ। यस अवधिमा विभिन्न जातका घाँसको ३० हजार ६३० केजी बीउ उत्पादन भएको पनि उनले जानकारी दिए ।

कार्यालयका पशु सेवा प्राविधिक देवनारायण जैसीले तरल नाइट्रोजन, जमेको वीर्य, घाँसको बीउ तथा बिरुवा बिक्री तथा अन्य प्रशासनिक सेवामार्फत कार्यालयले चालु आवको ११ महिनामा ७३ लाख ७७ हजार ७३० रुपैयाँ राजस्व संकलन गरेको जानकारी दिए ।

उनका अनुसार यही अवधिमा ४९ हजार ५८७ पशुचौपायामा कृत्रिम गर्भाधान गरिएको छ। जसमध्ये २८ हजार ५८८ गाई, २० हजार ५२६ भैंसी र ४७३ बाखामा कृत्रिम गर्भाधान गरिएको हो ।

कृत्रिम गर्भाधानका लागि आवश्यक वीर्य उत्पादन गर्ने कार्यालयमा हाल १२ वटा मुर्रा राँगा, ८ वटा साँढे, ६ वटा बोका तथा २ वटा बाख्रा राखिएका छन् । प्राकृतिक गर्भाधान सेवाका लागि ३ वटा राँगा, २ वटा साँढे, एक बोका र एक बाख्रा व्यवस्थापन गरिएको छ । चालु आवको ११ महिनामा प्राकृतिक गर्भाधानमार्फत १५५ गाई, ४८४ भैंसी र ११ बाख्रा गरी कुल ६५० पशुचौपायालाई सेवा प्रदान गरिएको कार्यालयले जनाएको छ ।

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र बाँकेका प्रमुख गणेश पुनले कार्यालयले नश्ल सुधार, कृत्रिम गर्भाधान तथा पशु आहारका लागि आवश्यक घाँसको बीउ उत्पादनमार्फत पश्चिम नेपालका किसानलाई महत्वपूर्ण सेवा प्रदान गरिरहेको बताए ।

खजुरा गाउँपालिका अध्यक्ष डम्बरबहादुर विक 'तुफान'ले नेपालमा रहेका तीन वटा राष्ट्रिय पशु प्रजनन कार्यालयमध्ये एक आफ्नो पालिकाभित्र हुनु गौरवको विषय भएको बताए । उनले पशुपालन क्षेत्रको विकास र किसानको उत्पादनशीलता वृद्धि गर्न कार्यालयले महत्वपूर्ण योगदान पुऱ्याइरहेको उल्लेख गरे ।

## विश्व

# बर्नह्याम सत्ताको सङ्घारमा

**लन्डन, १० असार ।** बेलायतको सत्तारूढ लेबर पार्टीमा नेतृत्व परिवर्तनको प्रक्रिया तीव्र बनेसँगै एन्डी बर्नह्याम नयाँ प्रधानमन्त्री बन्ने दिशामा थप बलियो देखिएका छन् । सम्भावित प्रतिद्वन्द्वी मानिएका क्याबिनेट मन्त्री ड्यारेन जोन्सले नेतृत्व दौडमा सहभागी नहुने स्पष्ट गरेपछि बर्नह्यामको बाटो थप सहज बनेको छ । यसैबीच, राजीनामाको घोषणा गरिसकेका प्रधानमन्त्री किर स्टार्मरले आफ्नो कार्यकालको अन्तिम चरणमा अन्तर्राष्ट्रिय कूटनीतिक सक्रियता बढाउँदै राजनीतिक विरासत सुरक्षित गर्ने प्रयास गरिरहेका छन् ।

स्टार्मरले सोमबार पदत्याग गर्ने योजना सार्वजनिक गरेका छन् । लेबर पार्टीले नयाँ नेता चयन गरेपछि केही साताभित्र उनी प्रधानमन्त्री पदबाट बाहिरिने तयारीमा छन् । बुधबार उहाँले संसद्मा साप्ताहिक प्रधानमन्त्री प्रश्नोत्तर सत्रको सामना गर्नुपर्नेछ भने त्यसपछि युक्रेन युद्ध, युरोपेली सुरक्षा र मध्यपूर्वको अवस्थाबारे छलफल गर्न बर्लिन प्रस्थान गर्ने कार्यक्रम रहेको छ ।

बर्लिनमा जर्मनी, फ्रान्स, इटाली, पोल्यान्ड र बेलायत सम्मिलित 'ई-५' समूहको बैठकमा उनको सहभागिताले कार्यकालको अन्तिम चरणमा अन्तर्राष्ट्रिय मुद्दामा उनले दिएको प्राथमिकतालाई झल्काउँछ । घरेलु राजनीतिक दबाबका बीच पनि युक्रेनलाई सहयोग तथा इरानसँग सम्बन्धित क्षेत्रीय तनावको असर व्यवस्थापनका लागि युरोपेली साझेदारहरूसँग समन्वय गर्न उहाँ सक्रिय देखिएका छन् ।

लेबर पार्टीभित्र केही नेताहरूले बर्नह्यामका नीति र दृष्टिकोणमाथि खुला बहस आवश्यक रहेको भन्दै नेतृत्व प्रतिस्पर्धा हुनुपर्ने धारणा राखेका थिए । यही उद्देश्यले ड्यारेन जोन्सलाई उम्मेदवारी दिन प्रोत्साहन गरिएको थियो र बर्नह्यामले सांसद तथा पार्टी सदस्यहरूसमक्ष आफ्ना नीति र कार्यक्रमको परीक्षण गराउने अवसर प्राप्त हुने अपेक्षा गरिएको थियो । तर अर्कोतर्फ, नेतृत्व प्रतिस्पर्धाले पार्टीभित्रको विभाजन उजागर गर्ने र राजनीतिक अनिश्चितता लम्ब्याउने तर्क पनि प्रस्तुत गरिएको थियो ।

स्काई न्युजसँग कुरा गर्दै जोन्सले नेतृत्वको दौड आफूले नलड्ने स्पष्ट पारे । यद्यपि उहाँले बर्नह्यामलाई आर्थिक नीतिमा अत्यधिक वामपन्थी दिशातर्फ नजान सुझाव दिएका छन् । व्यापारिक तथा वित्तीय क्षेत्रका केही व्यक्तिहरूले लेबर सरकारको सम्भावित आर्थिक नीतिप्रति चासो र चिन्ता व्यक्त गरिरहेका बेला जोन्सले भावी वित्तमन्त्रीले बजार, ट्रेड युनियन, संसदीय लेबर पार्टी र आम जनतालाई विश्वासमा लिन सक्ने क्षमता राख्नुपर्ने बताए ।

## महत्वपूर्ण टेलिफोन नम्बर

| | |
|---|---|
| **एम्बुलेन्स** | |
| एम्बुलेन्स (नेपाल रेडक्रस) | : ०८३-५२०३१० |
| एम्बुलेन्स (वीरेन्द्रनगर सहकारी) | : ९८४८०२०८६७ |
| एम्बुलेन्स (भू.पू. सैनिक कल्याणकारी समिति) | : ९८२२४११५८६ |
| शव वाहन | : ०८३-५२४२३६/९८५८०४३६०० |
| जिल्ला प्रहरी कार्यालय | : १००, ०८३-५२०२२२ |
| जिल्ला ट्राफिक कार्यालय | : ०८३-५२५४९६ |
| विद्यूत फ्यूज सेवा | :०८३-५२०२६७/५२०२६५ |
| महिला तथा बाल हेल्पलाइन | : १०९८ |
| **विमान स्थल** | |
| सुर्खेत | : ०८३-५२१९४५/५२५२१९ |
| जुम्ला | : ०८७-५२०१९० |
| मुगु ताल्चा : | |
| हुम्ला | : ०८७-६८००८० |
| डोल्पा | : ०८७-५५१०१९ |
| चौरजहारी (पश्चिम रुकुम) | : ०८८-४०१०४८ |
| नेपालगन्ज | : ०८१-५६५२०५ |
| **दमकल** | |
| वीरेन्द्रनगर न.पा. : | : १०१ |
| भेरीगंगा न.पा. | : ०८३-५४०११०, ९८५८०५१०५७ |
| नारायण न.पा. | : ०८९-४१०२०१ |
| **अस्पताल** | |
| दैलेख जिल्ला अस्पताल | : ०८९-४१०११७ |
| प्रदेश अस्पताल सुर्खेत | : ०८३-५२३२०० |
| सुर्खेत हस्पिटल प्रा.लि. | : ०८३-५२५४१७ |
| माया नर्सिङ्ग होम प्रा.लि. | : ०८३-५२१४३०, ५२५४३० |
| एम्बुलेन्स (माया नर्सिङ्ग होम) | : ०८३-५२१४३० |
| एम्बुलेन्स (देउती नर्सिङ्ग होम) | : ०८३-५२०५२८ |
| एम्बुलेन्स (स्वास्थ्यकर्मी संघ) | : ९८४४८३५६६६ |
| एम्बुलेन्स (नेपाल अर्बुद रोग निवारण संस्था) | : ९८६८११६०५२ |
| जाजरकोट अपस्ताल | : ०८९-४३०१२० |

## आजको राशिफल

**मेष** — दिन लाभदायक र मनोरञ्जनपूर्ण रहनेछ । प्रियजनसँग रमाइलो भेटघाट हुनेछ । परिवेश उल्लासमय रहनेछ । व्यवसायले रमाइलो यात्रा गर्ने अवसर दिलाउन सक्छ ।

**वृष** — काम बन्नाले उत्साह जाग्नेछ । प्रतिस्पर्धामा विजयी भइनेछ । शत्रुहरू किनारा लाग्नेछन् । रोकिएका काम बन्नाले नयाँ कामतर्फ अग्रसर भइनेछ ।

**मिथुन** — प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ । लगनशीलताले परिस्थितिलाई बदल्नेछ । पछि लाभ हुने काम प्रारम्भ हुनेछ ।

**कर्कट** — हल्लाको विश्वास गर्दा काम बिग्रन सक्छ । आज अरूलाई दिने नभई भित्र्याउने समय छ । दिएको धनमाल पछि आफैंलाई आवश्यक पर्न सक्छ ।

**सिंह** — आँटले काम लिँदा राम्रै प्रतिफल प्राप्त हुनेछ । सहयोगीहरूले काममा उत्साह जगाउनेछन् । रोकिएका काम बन्नेछन् भने नयाँ काम प्रारम्भ गर्ने समय छ ।

**कन्या** — मिहिनेतले मानसम्मान दिलाउनेछ । अध्ययनमा प्रगति हुनुका साथै बौद्धिक क्षमतामा निखारता आउनेछ । बोली र विचारका प्रशंसकहरू बढ्नेछन् ।

**तुला** — मिहिनेतीहरूको कामना पूर्ण हुनेछ । लक्ष्यअनुसार समयमै काम सम्पादन हुनेछ । अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ ।

**वृश्चिक** — अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । आकस्मिक खर्चले तत्काललाई अर्थ अभाव देखापर्न सक्छ । तापनि सहयोग गर्नेहरू प्रशस्तै भेटिनेछन् ।

**धनु** — आयआर्जनका स्रोत बढ्नेछन् र दैनिक काममा पनि उल्लेख्य फाइदा हुनेछ । अवसर र व्यवधानका बीचबाट कर्मयोग अघि बढ्नेछ ।

**मकर** — विशेष काममा जग बसाउने अवसर छ । मेहनतले पदीय जिम्मेवारी दिलाउनेछ । पद-प्रतिष्ठा प्राप्त गर्ने बेला छ । धेरैले कामको तारिफ गर्नेछन् ।

**कुम्भ** — गुमेको स्थान प्राप्त हुनुका साथै समाजमा आफ्नो वर्चस्व बढ्नेछ । व्यवसायमा पनि प्रशस्तै लाभ हुनेछ । रोकिएका काममा दोहोर्याएर प्रयत्न गर्नुहोला ।

**मीन** — परिबन्धले समस्या निम्त्याउन सक्छ । गोपनीयता बाहिरिनाले समस्या पर्नेछ । स्वास्थ्यका लागि आहारविहारमा सजग रहनुहोला ।

# राास्वपाको वैचारिक दृष्टिकोण 'सामाजिक लोकतन्त्र'



**युग संवाददाता**
**काठमाडौँ, ९ असार ।**

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले पार्टीको वैचारिक दृष्टिकोण 'सामाजिक लोकतन्त्र' भएको स्पष्ट पारेका छन् । चितवनको भरतपुरमा जारी पार्टीको प्रथम राष्ट्रिय महाधिवेशनको बन्दसत्रमा आज राजनीतिक प्रस्ताव प्रस्तुत गर्दै सामाजिक लोकतन्त्रको आलोकमा नागरिक स्वतन्त्रता, समृद्धि, सुशासन र सामाजिक न्याय सुनिश्चित गरिने बताएका छन् ।

"महाधिवेशन उप्रान्त राष्ट्रिय स्वतन्त्र पार्टीको मूल राजनीतिक सिद्धान्त 'सामाजिक लोकतन्त्र' हुनेछ", सभापति लामिछानेले प्रतिवेदनमा भने । प्रतिस्पर्धात्मक उदार अर्थतन्त्र, विधिको शासन र संस्थागत पद्धति, जनउत्तरदायी सरकार, लोककल्याणकारी राज्य र समन्यायिक समावेशी राज्यलाई सामाजिक लोकतन्त्रको पाँच प्रमुख आधार मानिएको छ ।

"रास्वपा राज्य, समाज र अर्थतन्त्रलाई कुनै एकल वैचारिक ढाँचाबाट होइन, मिश्रित, सन्तुलित र परिस्थितिअनुकूल दृष्टिकोणबाट अघि बढाउनुपर्छ भन्ने मान्यता राख्छ", प्रतिवेदनमा भनिएको छ, "राजनीतिकरूपमा हालसम्म प्राप्त उपलब्धिको स्थायित्व र सुदृढीकरण, नेपालको वर्तमान आर्थिक सामाजिक परिस्थिति र नागरिकले आश गरेको राज्यको आधारभूत चरित्रको विश्लेषणका आधारमा सामाजिक लोकतन्त्रलाई पार्टीको मूल राजनीतिक सिद्धान्त मानेका छौँ ।"

पार्टीको आर्थिक दृष्टिकोण 'सामाजिक न्यायसहितको लोकतान्त्रिक समृद्धि' र परराष्ट्र नीति 'विकास कूटनीति र वैश्विक मञ्चमा जीवन्त उपस्थिति' हुने उल्लेख छ ।

**प्रत्यक्ष निर्वाचित कार्यकारी र पूर्ण समानुपातिक संसद्**

रास्वपाले संविधान संशोधनमार्फत स्थिर नेतृत्व र स्पष्ट जिम्मेवारीसहितको प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा आफूलाई उभ्याएको छ । रास्वपाले अहिलेको अत्यन्त महँगो निर्वाचन प्रणालीको सट्टा सबै समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने पूर्ण समानुपातिक निर्वाचन प्रणालीको वकालत गरेको छ ।

"अहिलेको राष्ट्रियसभालाई गैर-दलीय विशेषज्ञ सभा बनाउन र उपराष्ट्रपतिलाई सभाध्यक्ष बनाउने पक्षमा छौँ, त्यसैगरी प्रदेशसभा र प्रदेश सरकारको पनि पुनःसंरचनाको पक्षमा छौँ", सभापति लामिछानको प्रतिवेदनमा भनिएको छ ।

संविधान राष्ट्रको साझा दस्तावेज भएको जनाउँदै सभापति लामिछानले यसको संशोधन पनि सङ्कुचित राजनीतिक स्वार्थबाट नभई राष्ट्रको दीर्घकालीन आवश्यकता, जनताको अनुभव र लोकतान्त्रिक अभ्यासबाट निर्देशित होस् भन्ने उल्लेख गरेका छन् ।

"संविधान न अपरिवर्तनीय दस्तावेज हो, न प्रत्येक राजनीतिक परिवर्तनसँगै फेर्ने अस्थिर दस्तावेज, संविधान संशोधनको अबको आधार पनि सुशासन, स्थायित्व, प्रतिनिधित्व र नागरिकको हित हुनुपर्छ", प्रतिवेदनमा भनिएको छ, "हामी व्यापक राष्ट्रिय संवाद, विज्ञहरूको सुझाव, नागरिकको सहभागिता र सम्भव भएसम्म सर्वदलीय सहमतिको पक्षमा छौँ ।"

**आशा जगाइरहेको वालेन्द्र सरकार**

सभापति लामिछानेले आफ्नो राजनीतिक प्रस्तावमा पार्टीका वरिष्ठ नेता वालेन्द्र शाहको नेतृत्वको सरकारका नीतिगत र प्रशासनिक पहल सुशासन, पारदर्शीता, जवाफदेहिता र विकास केन्द्रित राज्य संरचनाको दिशामा अग्रसर रहेको उल्लेख गरिएको छ ।

सरकारद्वारा प्रस्तुत आगामी आर्थिक वर्षको बजेट र नीति तथा कार्यक्रमका सुधारले दीर्घकालीन रूपमा राज्यको संस्थागत क्षमता, नागरिक विश्वास र लोकतान्त्रिक प्रणालीको सुदृढीकरणमा योगदान पुऱ्याउने उनको विश्वास छ ।

सुशासन सुदृढीकरण र सेवा प्रवाहमा सुधार, दण्डहीनताको अन्त्य र कानुनी शासन, उच्च पदस्थ व्यक्तिहरूको सम्पत्ति छानबिन, संविधान संशोधन र नीतिगत परामर्श, राजनीतिक नियुक्ति सुधार र संस्थागत दक्षता, सहकारीपीडितलाई राहत र वित्तीय सुधार, सार्वजनिक सम्पत्ति संरक्षण, बिचौलिया नियन्त्रण र पारदर्शीता, विकास आयोजनामा तीव्रता र अव्यवस्थित बसोबासी व्यवस्थापनका क्षेत्रमा सरकारको ऐतिहासिक थालनी भएको प्रतिवेदनमा उल्लेख छ ।

**जेन-जी विद्रोह, युवा आक्रोश**

सभापति लामिछानेले गत भदौ २३ र २४ गतेको जेन-जी विद्रोह केबल सामान्य असन्तोषमात्र नभई वर्षौंदेखि जमेर बसेको असमानता, भ्रष्टाचार, दण्डहीनता र अविश्वासको फोहर तलाउमा भएको जनताको विष्फोट भएको बताएका छन् ।

"लामो समयदेखि दबाइएका जनआक्रोश, असन्तुष्टि र अपरिवर्तनको आकाङ्क्षाको सामूहिक अभिव्यक्ति थियो, लामो समयदेखिको असन्तोषलाई तुरुन्त विस्फोट गराउने कारण केपी ओली सरकारले सामाजिक सञ्जालमा लगाएको प्रतिबन्ध बन्यो", प्रतिवेदनमा भनिएको छ ।

**सरकारबाट सुशासन र संसद्बाट खबरदारी**

विसं २०७९ को निर्वाचनपश्चात गठित पुष्पकलम दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारमा चार वटा मन्त्रालयको जिम्मेवारी लिएर सरकारबाट सुशासन र संसद्बाट खबरदारी गरिएको प्रतिवेदनमा उलेख छ ।

"त्यो एकदमै छोटो समयमा पनि सरकारभित्रबाट सकारात्मक हस्तक्षेप गर्ने, सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी बनाउने, भ्रष्टाचार नियन्त्रण गर्ने र विधिको शासनलाई बलियो बनाउने प्रयास गऱ्यौं", सभापति लामिछानेको प्रस्तावमा भनिएको छ, "हामीले सत्ता सञ्चालन होइन, सत्तामा सकारात्मक हस्तक्षेप गर्ने प्रयास गऱ्यौं, सुशासनलाई व्यवहारमा उतार्ने, राज्य संयन्त्रलाई नागरिकप्रति जवाफदेही बनाउने र विधिको शासन स्थापित गर्ने अभियानलाई प्राथमिकता दियौं ।"

आफूहरूले सुरु गरेको सुशासनको एजेण्डाले पुराना शक्ति संरचनामा ठूलो त्रास सिर्जना गरेको र भुटानी शरणार्थी काण्डमा 'ठूला' र महत्वपूर्ण मानिसहरू अनुसन्धानमा तानिने परिस्थिति बनेपछि रातारात देशको पहिलो र दोस्रो ठूला दल सरकार बनाउन एकैठाउँमा उभिएको प्रतिवेदनमा उल्लेख छ ।

सभापति लामिछानेको राजनीतिक प्रतिवेदनमा २०८१ साल साउनमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) र नेपाली कांग्रेसको सरकार बनेसँगै रास्वपा र आफूमाथि राजनीतिक प्रतिशोध सुरु भएको र त्यसका लागि संस्थागत संयन्त्रहरू प्रयोग भएको उल्लेख छ ।

# भूमिहीनलाई तत्काल लालपुर्जा दिन भेरीगंगावासीको माग

**युग संवाददाता**
**सुर्खेत, १० असार ।**

सुर्खेतको भेरीगंगा नगरपालिकाभित्र बसोबास गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी, अव्यवस्थित बसोबासी तथा अधुरा-अपूरा जग्गाधनी परिवार हरूले आफूहरूलाई यथाशीघ्र भूमि स्वामित्व प्रदान गर्न सरकारसँग माग गरेका छन् ।



खाद्य अधिकार सञ्जाल भेरीगंगाको नेतृत्वमा बुधबार सुर्खेतका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय र राष्ट्रिय भूमि समस्या समाधान आयोगको ध्यानाकर्षण गराइएको हो ।

सञ्जालका संयोजक गणेशबहादुर वलीले हस्ताक्षर गरेको ज्ञापनपत्रमा विभिन्न कालखण्डमा भूमि सम्बन्धी आयोग गठन भए पनि सरकार परिवर्तनसँगै आयोगका पदाधिकारी फेरबदल हुने क्रमले वास्तविक भूमिहीनहरूको समस्या समाधान हुन नसकेको उल्लेख गरिएको छ । लामो समयदेखि भूमि स्वामित्व नपाउँदा हजारौं परिवार असुरक्षित र अनिश्चित जीवनयापन गर्न बाध्य भएको उनीहरूको भनाइ छ ।

ज्ञापनपत्रमा भेरीगंगा नगरपालिकाभित्र हाल ९४ भूमिहीन दलित परिवार, ७९ भूमिहीन सुकुम्बासी परिवार, ६ हजार चार सय ८१ अव्यवस्थित बसोबासी परिवार तथा तीन हजार एक सय ५८ अधुरा-अपूरा जग्गामा बसोबास गर्ने परिवार रहेको जनाइएको छ ।

ती सबै परिवार कानुनी रूपमा भूमि स्वामित्वविहीन अवस्थामै बस्दै आएको भन्दै यसले सामाजिक सुरक्षा, आर्थिक स्थायित्व र सम्मानजनक जीवनयापनमा गम्भीर असर परेको उल्लेख गरिएको छ । सञ्जालका अनुसार करिब चार हजार एक सय ६० परिवारको आफ्नै उत्पादनले वर्षको छ महिनाभन्दा कम समय मात्र खाद्यान्न पुग्ने अवस्था छ ।

बाँकी समय जीविकोपार्जनका लागि भारततर्फ मजदुरी गर्न जानुपर्ने बाध्यता रहेको सञ्जालका संयोजक वलीले बताए । भूमि स्वामित्व नहुँदा कृषि क्षेत्रमा दीर्घकालीन लगानी गर्न नसकिएको र सिँचाइ सुविधाको अभावले खाद्य सुरक्षामा थप चुनौती सिर्जना भएको उनको भनाई छ । ज्ञापनपत्रमा बर्दिया राष्ट्रिय निकुञ्जबाट आउने वन्यजन्तुले कृषि बाली, पशुपन्छी तथा मानव जीवनमा समेत क्षति पुऱ्याउने गरेको उल्लेख गर्दै हाल लालपुर्जा भएका जग्गाधनीलाई मात्र क्षतिपूर्ति दिने व्यवस्थाले भूमिहीन तथा अव्यवस्थित बसोबासीहरू थप मारमा परेको जनाइएको छ ।

भूमि स्वामित्व प्राप्तिका लागि लाग्ने १० प्रतिशत कर गरिब तथा सीमान्तकृत परिवारका लागि ठूलो बोझ बनेको भन्दै त्यसमा सहुलियत दिन पनि माग गरिएको छ । पाँच रोपनी वा आठ कट्ठासम्मको जग्गामा पाँच प्रतिशत र सोभन्दा माथिको जग्गामा सात प्रतिशत कर कायम गर्नुपर्ने उनीहरूको माग छ ।

सञ्जालले भेरीगंगाका सम्पूर्ण भूमिहीन, सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूको भूमि नापजाँच कार्य छ महिनाभित्र सम्पन्न गरी थप तीन महिनाभित्र जग्गाधनी पुर्जा वितरण गर्न माग गरेको छ ।

साथै वन्यजन्तु आक्रमणबाट मृत्यु हुने व्यक्तिका परिवारलाई एक महिनाभित्र कम्तीमा १० लाख रुपैयाँ राहत उपलब्ध गराउन तथा मृतकका १५ वर्षमुनिका बालबालिकालाई शिक्षा र स्वास्थ्यका लागि मासिक तीन हजार रुपैयाँ सहयोगको व्यवस्था गर्नुपर्ने मागसमेत गरिएको छ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय
भूमि व्यवस्थापन तथा अभिलेख विभाग
**भूमि प्रशासन कार्यालय, सुर्खेत**

**भूमि प्रशासन कार्यालय सुर्खेतबाट जारी भएको नामसारी जग्गा हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

**मितिः २०८३/०३/०५ गते**

सुर्खेत जिल्ला बराहताल गाउँपालिका वडा नं. १० बस्ने बिनोद सुनार, चन्द्र बहादुर सुनार, टोप बहादुर सुनार र महेन्द्र सिं सुनारले हाम्रो जेठो बाबु धनवीर कामीको नाममा तपशिल बमोजिम जग्गा रहेकोमा जेठा बाबु धनवीर कामीको मिति २०३०/१०/१७ मा मृत्यु भएको निजको विवाह नै नगरी मृत्यु भएकोले निजको शेष पछिको हक खाने हकदारमा हामी चार जना सरोदर भाईका छोराहरु मात्र भएकोले हाम्रो जेठो बाबु धनवीर कामीको नाममा दर्ता कायम रहेको तपशिल बमोजिमको जग्गा हामी निवेदक छोराहरुको नाममा संयुक्त नामसारी गरी पाउँ भनि यस कार्यालयमा द.नं. ११७८९ मिति २०८३/०३/०५ मा निवेदन मागदावी रहेकोमा निजहरु बाहेक उल्लेखित जग्गामा अन्य कसैको हक दावी भए वा नामसारी माग गरेको जग्गा निवेदकहरुको नाममा नामसारी गरी जग्गाधनी प्रमाण पुर्जा दिन नमिल्ने कुनै कारण भए वा कसैले उल्लेखित कित्ता जग्गाको हकमा नामसारीको लागि यस पुर्व मिसिल भिडाई नामसारी प्रक्रियामा रहे भएको भए वा उल्लेखित जग्गाको हकभोग स्वामित्वमा असर पर्न जाने भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतिस) दिन भित्र यस कार्यालयमा स-प्रमाण दावी गर्न आउनुहोला । तोकिएको म्याद भित्र कोही कसैको दावी बिरोध नपरे निवेदकको माग दावीलाई स्वीकार गरेको मानि कानून बमोजिम जग्गा नामसारी भई जानेछ र यस विषयमा पछि कसैको कुनै दावी नलाग्ने ब्यहोरा समेत सम्बन्धित सबैको लागि यो सार्वजनिक सूचना प्रकाशित गरिन्छ ।

**तपशिलः**

| गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल | दर्तावालाको नाम | निवेदकको नाम |
|---|---|---|---|---|---|
| लेखगाउँ | १/१क | ५९ | १५-९-१-०<br>७९२५.१६ | धनवीर कामी | बिनोद सुनार<br>चन्द्र बहादुर सुनार<br>टोप बहादुर सुनार<br>महेन्द्र सिं सुनार |

# छ हजार बचतकर्ताको रकम फिर्ताका लागि आवेदन

**युग संवाददाता**
**काठमाडौँ, १० असार ।**

काठमाडौं महानगरपालिकाको सहकारी विभागमा रु पाँच अर्ब २७ करोड बचत रकम फिर्ताका निम्ति आवश्यक प्रयास गरिदिन छ हजार बचतकर्ताले आवेदन गरेका छन् ।

सहकारी विभागले, बचत फिर्ता गरिदिनेबारेको निवेदकहरुको सङ्ख्या बढ्दै जान थालेको जानकारी दिएको छ । वैशाख १७ देखि हालसम्म रकम फिर्ता गरिदिन माग गरेका छन् ।

विभाग प्रमुख ध्रुवकुमार काफ्लेले दैनिक करिब ३० जनाले उजुरी गर्ने गरेका र धेरै निवेदक साना बचतकर्ता रहेको जानकारी दिए । साना बचतकर्ताले रु एक लाखदेखि रु पाँच लाखसम्म रकम जम्मा गरेका छन् । पछिल्लो समय कामपाले आएका उजुरीकै आधारमा समस्याग्रस्त सहकारीको बचतकर्ताको रकम फिर्ता गर्ने प्रक्रिया सुरु गरेको छ ।

केही दिनअघि मात्रै कामपाले बुद्ध दर्शन सेभिङ एण्ड क्रेडिट कोअपरेटिभ लिमिटेडमार्फत ३४ जना बचतकर्ताको रकम फिर्ता गरिसकेको जनाएको छ । सो सहकारीले रु एक लाख ५० हजारसम्म बचत गर्ने बचतकर्ताको रकम फिर्ता गरेको हो ।

विभागका अनुसार आगामी एक महिनाभित्र रु पाँच लाखसम्म बचत गर्नेहरूको रकम फिर्ता गर्ने योजना रहेको छ । साथै ठूला बचतकर्ताका हकमा ऋण असुली प्रक्रिया अघि बढाउँदै बचत फिर्ता गर्न समन्वय भइरहेको पनि प्रमुख काफ्लेले जानकारी दिए । सहकारी विभागले उजुरी दर्ता, सञ्चालक र बचतकर्ताबीच छलफल तथा मिलापत्र गराउने कार्य गर्दै आएको छ ।

सहमति हुन नसकेमा आवश्यक कारबाहीका लागि सिफारिस गरिने विभागले जनाएको छ । हाल कामपामा एक हजार ९१२ सहकारी रहेको छ । जम्मा सहकारी सङ्ख्यमा ५० प्रतिशतले मात्रै नियमित रुपमा वार्षिक साधारणसभा गरेको प्रतिवेदन पेस गर्ने गरेका छन् ।

यसरी दर्ता भएका तर नियमित रुपमा साधारणसभा नगर्ने सहकारीलाई कामपाले कानुनी रुपमा कारबाही प्रक्रिया अघि बढाउने भएको छ ।

# पच्चीस अर्ब ५५ करोड खर्चेर १० हजार ८४५ विद्युतीय सवारी आयात

**युग संवाददाता**
**काठमाडौँ, १० असार ।**

चालु आर्थिक वर्षको प्रथम ११ महिनामा रु २५ अर्ब ५५ करोड ९९ लाख १६ हजार बराबरका १० हजार ८४५ वटा विद्युतीय सवारीसाधन आयात भएका छन् ।

भन्सार विभागका अनुसार चालु आर्थिक वर्षको ११ महिनाको अवधिमा ५० किलोवाट क्षमतादेखि २०१ किलोवाट क्षमताका विभिन्न ढाँचाका विद्युतीय सवारीसाधन आयात भएका हुन् ।

उक्त अवधिमा रु पाँच अर्ब ६५ करोडबराबरका ५० किलोवाट क्षमताका तीन हजार ६८० वटा विद्युतीय वाहन आयात भएका छन् । सोही अवधिमा रु १६ अर्ब ४९ करोड ७९ लाख ४६ हजार बराबरका ५१ किलोवाटदेखि १०० किलोवाटका छ हजार ३५७ वटा विद्युतीय सवारीसाधन भित्रिएका छन् ।

## यस्तो...

प्रस्तुत गरेको छ ।

बराहताल र चौकुने गाउँपालिकाले ल्याएको बजेट चालुको तुलनामा पूँजिगततर्फको बजेट दोब्बरले कम हो । सिम्ता गाउँपालिकाले आगामी वर्षका चालुतर्फ ४४ करोड ४१ लाख १६ हजार र पूँजिगततर्फ १६ करोड २३ लाख १४ हजार गरी कुल ६० करोड ६४ लाख ३० हजार बराबरको बजेट सार्वजनिक गरेको छ ।

सिम्ताले आगामी वर्षका लागि चालुको तुलनामा झण्डै तेब्बरले कम पूँजिगत बजेट अघि सारेको हो । गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत धनिराम शर्माले कृषि, पूर्वाधार, शिक्षा स्वास्थ्य, रोजगारी सिर्जना र सेवा प्रवाहलाई चुस्त बनाउन बजेट केन्द्रित रहेको बताए ।

चिङ्गाड गाउँपालिकाले पनि चालु बजेटको तुलनामा तेब्बरले घटाएर पूँजिगत बजेट ल्याएको छ । आगामी वर्षका लागि कुल ४४ करोड ४६ लाख ३३ हजार बराबरको बजेट अघि सारेको चिङ्गाडले चालुतर्फ ३३ करोड एक लाख ८१ हजार बजेट राख्दा पूँजिगततर्फ भने ११ करोड ४४ लाख ५२ हजार राखेको छ ।

त्यस्तै, गुर्भाकोट नगरपालिकाले एक अर्ब आठ करोड बजेट सार्वजनिक गरेको छ । गुर्भाकोटले पनि चालुको तुलनामा पूँजिगत बजेट कम ल्याएको छ । नगरपालिकाका प्रवक्ता मधु गुरुङ्गका अनुसार चालुतर्फ ६० करोड बजेट रहदा पूँजिगततर्फ ५८ करोड ९२ लाख छ । भेरीगंगा नगरपालिकाले ३ असारमा ४३ करोड बराबरको बजेट प्रस्ताव गरेको छ । संघबाट हस्तान्तरण हुने अनुदानको सिलिङ सार्वजनिक नहुँदै भेरीगंगाले बजेट सार्वजनिक गरेकाले कुल बजेटको अंक खुलेको छैन ।

त्यस्तै, पञ्चपुरी नगरपालिकाले ६९ करोड ६२ लाख ३४ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ पञ्चपुरीको पनि पूँजिगतको तुलनामा चालुतर्फका बजेट बढी छ । लेकवेशी नगरपालिकाले आगामी आर्थिक वर्षका लागि कुल ६९ करोड ३९ लाख २४ हजार ६ सय रूपैयाँ बराबरको बजेट ल्याएको छ । जसमा कुल विनियोजित बजेट मध्ये चालुतर्फ ४६ करोड ४१ लाख ९१ हजार ६ सय एक रूपैयाँ र पूँजिगत तर्फ २२ करोड ९८ लाख ३३ हजार रूपैयाँ छ । लेकवेशीले पनि चालुको तुलनामा पूँजिगत बजेट दुई तिहाइले घटाएको छ ।

**लामखुट्टेको टोकाइबाट बचौं र बचाऔं**

- घर वरिपरि पानी जम्न नदिऔं,
- सुत्दा अनिवार्य रूपमा झुल/मच्छरदानी प्रयोग गरौं,
- लामखुट्टेबाट बच्न पूरा शरीर ढाकिने कपडा लगाऔं,
- घर तथा वातावरण सफा र स्वच्छ राखौं,
- झ्याल-ढोकामा जालीको प्रयोग गरौं,
- डेंगु, मलेरिया जस्ता रोगका लक्षण देखिएमा तुरुन्त स्वास्थ्य संस्थामा जाऔं,
- फोहोर व्यवस्थापनमा ध्यान दिई लामखुट्टे बढ्न नदिऔं,
- समुदायस्तरमा सरसफाई अभियान सञ्चालन गरौं ।

**सचेतना र सरसफाई नै सुरक्षित जीवनको आधार हो ।**

कर्णाली प्रदेश सरकार
**मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय**
वीरेन्द्रनगर, सुर्खेत ।

# एकतीस करोडभन्दा बढी राजस्व सङ्कलन

**युग संवाददाता**
**सुर्खेत, १० असार ।**

कर्णाली प्रदेशका सुर्खेत, जुम्ला र चौरजहारी यातायात कार्यालयबाट चालु आर्थिक वर्षको ११ महिनामा रु ३१ करोड २३ लाख ५१ हजार ८७० राजस्व सङ्कलन भएको छ। प्रदेशको भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयका प्रवक्ता रमेश सुवेदीले सबैभन्दा धेरै यातायात व्यवस्था कार्यालय सुर्खेतले ११ महिनामा रु २६ करोड ७० लाख १५ हजार ३४४ राजस्व जम्मा गरेको बताए।

रुकुम-पश्चिमको चौरजहारीमा रहेको यातायात व्यवस्था सेवा कार्यालयले रु तीन करोड पाँच लाख ६३ हजार ३२१ राजस्व जम्मा गरेको छ भने यातायात व्यवस्था सेवा कार्यालय जुम्लाले रु एक करोड ४७ लाख ७३ हजार २०५ राजस्व जम्मा गरेको प्रवक्ता सुवेदीले बताए।

कर्णालीमा यातायातका साधन नै करको मुख्य स्रोत मानिएको छ। कुल राजस्वको झण्डै ८० प्रतिशत हिस्सा सवारीसाधन करले ओगटेको छ। सवारीसाधन कर शीर्षकमा मात्रै जेठ मसान्तसम्म रु २४ करोड ९७ लाख बराबर सवारीसाधन कर जम्मा भएको थियो। सुर्खेतले रु २१ करोड ५६ लाख ९३ हजार, चौरजहारीले रु दुई करोड ६६ लाख ५१ हजार र जुम्लाले रु ७३ लाख ६५ हजार सङ्कलन गरेका छन्।

# डिभिजन वन कार्यालयद्वारा ११ महिनामा ६५ लाख बढी राजस्व सङ्कलन

**युग संवाददाता**
**जुम्ला, १० असार ।**

डिभिजन वन कार्यालय जुम्लाले चालु आर्थिक वर्षको ११ महिनामा रु ६५ लाख ४१ हजार राजस्व सङ्कलन गरेको छ। कार्यालयले चालु आर्थिक वर्षमा राजस्व शीर्षकमध्ये वन क्षेत्रको रोयल्टीमार्फत र ९३ हजार ४००, बेरुजुबाट रु चार लाख ७५ हजार ५८१, अन्य प्रशासनिक सेवाशुल्कबापत रु नौ हजार १७५ र अन्य आयमार्फत रु ५९ लाख ६३ हजार १५० राजस्व सङ्कलन भएको वन अधिकृत तेजेन्द्र रावलले जानकारी दिए। कार्यालयले पछिल्लो समय वनको संरक्षण तथा वन अवरोध नियन्त्रणमा काम गर्दै आएको छ।

वन डढेलो नियन्त्रण नौ पटक, स्वचालित हाते आरा सूचीकृत एक वटा, फर्निचर उद्योग अनुगमन नियमन ३३ पटक र सामुदायिक वन कार्ययोजना नवीकरण सङ्ख्या १९ रहेको वन अधिकृत रावलले जानकारी दिए।

सोही अवधिमा करिब जिल्लाबाट ३१ लाख एक हजार ८१३ किलो जडीबुटी निकासी (छोडपुर्जी) भएको छ। जिल्लाभर पाँच हेक्टर वनक्षेत्रको अतिक्रमण रोकथाम गरिएको छ। जिल्लाका आठ स्थानीय तहमा ४६ वनको नयाँ कार्ययोजना बनाएर काम भइरहेको डिभिजन वन कार्यालयका सूचना अधिकारी प्रकाश देवकोटाले जानकारी दिए। जिल्लामा सामुदायिक वनको सङ्ख्या २०६ वटा छन्। एक सय २७ कबुलियती र छ वटा निजी वन रहेका छन्।

# संरक्षित क्षेत्रमा घुम्न आउने पर्यटक ६० प्रतिशत

**युग संवाददाता**
**काठमाडौँ, १० असार ।**

कुल विदेशी पर्यटकमध्ये करिब ६० प्रतिशतले नेपालका संरक्षित क्षेत्रहरू घुम्ने गरेको सरकारी आँकडा बाहिरिएको छ। नेपाल घुम्न आउने पर्यटकको प्रमुख गन्तव्य राष्ट्रिय निकुञ्ज, आरक्ष र संरक्षण क्षेत्रहरू देखिएका छन्।

आर्थिक वर्ष २०८१/८२ मा स्वदेशी र विदेशी गरी कुल १० लाख ९७ हजार ८३६ जना पर्यटकले संरक्षित क्षेत्रको भ्रमण गरेको राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले जनाएको छ। विभागका महानिर्देशक डा बुद्धिसागर पौडेलले सार्क मुलुक र अन्य विदेशीको सङ्ख्या पाँच लाख ११ हजार ७६२ र नेपाली पाँच लाख ८६ हजार ७४ पर्यटक रहेका छन्। पाहुना प्रवेशबाट उक्त आवमा रु एक अर्ब ५२ लाख १६ हजार राजस्व प्राप्त भएको थियो।

आव २०८१/८२ को विवरणअनुसार शिवपुरी नागार्जुन राष्ट्रिय निकुञ्जमा तीन लाख ४६ हजार ६४४, त्यसपछि अन्नपूर्ण संरक्षण क्षेत्रमा दुई लाख ७८ हजार ११३, चितवन राष्ट्रिय निकुञ्जमा दुई लाख ४९ हजार ९५६ पर्यटक प्रवेश गरेका थिए। सबैभन्दा कम अपिनाम्पा संरक्षण क्षेत्रमा २२९ जना पर्यटक प्रवेश गरेको तथ्याङ्कमा उल्लेख छ।

नेपालमा चितवन, बर्दिया, लामटाङ, रारा, बाँके, सगरमाथा, शे-फोक्सुन्डो, शिवपुरी नागार्जुन, मकालु बरुण, खप्तड, शुक्लाफाँटा, पर्सा र छायाँनाथ गरी १३ राष्ट्रिय निकुञ्ज रहेका छन्। त्यस्तै कृष्णसार, अपिनाम्पा, कञ्चनजङ्घा, मनास्लु, गौरीशङ्कर र अन्नपूर्ण गरी छ संरक्षण क्षेत्र तथा ढोरपाटन सिकार आरक्ष एवं कोशीटप्पु वन्यजन्तु आरक्ष रहेका छन्।

## पूँजिगततर्फ...

करोड ३६ लाख ४७ हजार रुपैयाँ राखेको छ।

त्यस्तै, प्रदेश सरकार वित्तीय समानीकरण अनुदानवापत प्राप्त हुने तीन करोड ५३ लाख ३५ हजार, प्रदेश सशर्त अनुदान ५० करोड ५३ लाख ७२ हजार, प्रदेश राजस्व बाँडफाँड ४४ लाख ११ हजार रुपैयाँलाई आगामी वर्षको बजेटमा खर्च व्यहोर्ने स्रोतका रुपमा नगरपालिकाले राखेको छ।

त्यस्तै, संघ तथा प्रदेश समपुरक र विशेष अनुदान चार करोड ५९ लाख, स्थानीय राजस्व बाँडफाँड १८ करोड, नगरपालिकाबाट संकलित कर तथा गैर कर (आन्तरिक आय) ३३ करोड ६ लाख ६५ हजार, बैंक मौज्दात तीन करोड ९३ लाख ५७ हजार र सामाजिक सुरक्षा अनुदानवापत प्राप्त हुने ४३ करोडलाई खर्च धान्ने स्रोतमा राखिएको छ।

# नेपालगन्ज उपमहानगरपालिकाको एक अर्ब ७६ करोडबढीको बजेट सार्वजनिक

**युग संवाददाता**
**नेपालगन्ज, १० असार ।**

बाँकेको नेपालगन्ज उपमहानगरपालिकाले आगामी आर्थिक वर्ष २०८३/०८४ का लागि १ अर्ब ७६ करोड ६४ लाख ८३ हजार रुपैयाँको बजेट सार्वजनिक गरेको छ। विकास निर्माण, सेवा प्रवाहको प्रभावकारिता तथा नागरिकको जीवनस्तर सुधारलाई केन्द्रमा राख्दै उपमहानगरपालिकाले उक्त बजेट नगर सभाको १९ औँ अधिवेशनमार्फत प्रस्तुत गरेको हो।




नगर प्रमुख प्रशान्त विष्टले नगर सभामा आगामी आर्थिक वर्षको बजेट प्रस्तुत गर्दै संघीय तथा प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समपूरक तथा विशेष अनुदानसहित कुल १ अर्ब ७६ करोड ६४ लाख ८३ हजार रुपैयाँको बजेट विनियोजन गरिएको जानकारी दिए। प्रस्तुत बजेटमध्ये संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम ७६ करोड ४८ लाख ५० हजार रुपैयाँ रहेको छ।

> "प्रस्तुत बजेटमध्ये संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम ७६ करोड ४८ लाख ५० हजार रुपैयाँ रहेको छ।

उपमहानगरपालिकाले आगामी वर्षका लागि आन्तरिक आयतर्फ २५ करोड रुपैयाँ संकलन गर्ने लक्ष्य राखेको छ भने घरजग्गा रजिस्ट्रेशन शुल्कबाट १४ करोड रुपैयाँ आम्दानी हुने अनुमान गरिएको छ।

बजेटमा चालु खर्चतर्फ ४२ करोड २५ लाख ५० हजार रुपैयाँ विनियोजन गरिएको छ। त्यस्तै वडा कार्यालयहरूको सञ्चालन तथा विकास कार्यक्रमका लागि २१ करोड रुपैयाँ, नगरस्तरीय तथा प्रवर्द्धनात्मक कार्यक्रमका लागि १९ करोड ९० लाख रुपैयाँ तथा विभिन्न विषयगत शाखाहरूका लागि ८ करोड ७६ लाख रुपैयाँ बजेट छुट्याइएको छ।

बजेट प्रस्तुत गर्नु अघि नगर प्रमुख विष्टले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम पनि सभामा पेश गरेका थिए। नीति तथा कार्यक्रममा कृषि तथा पशुपन्छी विकास, उद्योग, व्यापार तथा व्यवसाय प्रवर्द्धन, पर्यटन विकास, भूमि व्यवस्था तथा सहकारी, श्रम, रोजगार तथा गरिबी निवारणलाई प्राथमिकतामा राखिएको छ।

त्यसैगरी स्वास्थ्य तथा पोषण, आयुर्वेद, खानेपानी, शिक्षा, महिला, बालबालिका तथा सामाजिक समावेशीकरण, आवास तथा बस्ती विकास, भौतिक पूर्वाधार, यातायात, विद्युत् तथा स्वच्छ ऊर्जालगायतका क्षेत्रलाई समेत विशेष महत्व दिइएको छ।

प्रमुख प्रशासकीय अधिकृत मानबहादुर बमका अनुसार वन तथा वातावरण संरक्षण, फोहोरमैला तथा ढल व्यवस्थापन, विपद् व्यवस्थापन तथा जलवायु परिवर्तन, सुशासन र सेवा प्रवाह सुधार, राजश्व तथा स्रोत परिचालन, तथ्याङ्क व्यवस्थापन, योजना तथा विकास व्यवस्थापनलाई समेत आगामी वर्षको नीति तथा कार्यक्रमको प्रमुख प्राथमिकतामा समेटिएको छ।

उपमहानगरपालिकाले प्रस्तुत गरेको बजेट र नीति तथा कार्यक्रमले कृषि, पूर्वाधार, रोजगार सिर्जना, वातावरण संरक्षण तथा प्रभावकारी सेवा प्रवाहमार्फत समग्र नगर विकासलाई गति दिने अपेक्षा गरिएको छ।

# प्रहरीको तलब प्रत्येक १५ दिनमा

**युग संवाददाता**
**काठमाडौँ, ९ असार ।**

सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ देखि प्रहरीलाई पनि हरेक १५ दिनमा तलब दिने भएको छ। नेपाल प्रहरी प्रधान कार्यालय, प्रशासन विभाग (बजेट शाखा) ले आज देशभरका बजेट सञ्चालन गर्ने कार्यालयहरूलाई परिपत्र जारी गर्दै अर्थ मन्त्रालयको निर्णय तथा महालेखा नियन्त्रक कार्यालयको पत्रअनुसार उक्त व्यवस्था कार्यान्वयन गर्न निर्देशन दिएको हो।

परिपत्रमा अर्थमन्त्रीस्तरीय निर्णय तथा महालेखा नियन्त्रक कार्यालयको गत जेठ २१ गतेको पत्रबमोजिम आगामी आर्थिक वर्षदेखि राष्ट्रसेवक कर्मचारीलाई हरेक महिनाको १५ दिन व्यतीत भएपछि अर्धमासिक रूपमा तलबभत्ता भुक्तानी गर्ने प्रणालीमा आवश्यक व्यवस्था मिलाइएको उल्लेख गरिएको छ। नेपाल प्रहरी प्रधान कार्यालयले सम्बन्धित कार्यालयहरूलाई सोहीबमोजिम व्यवस्था मिलाई कार्यान्वयन गर्न अनुरोध गरेको छ।

**९० दिनमै अंग्रेजी भाषा बोल्न र लेख्न ग्यारेन्टीका साथै कम्प्यूटर**

**हाम्रा विशेषताहरू**

- अंग्रेजी भाषा सिकेपछि अंग्रेजी विषयमा 99% मद्दत गर्ने, कक्षा ६ देखि डिग्री (Degree) सम्मको अंग्रेजी ट्यूशन लिन नपर्ने साथै Grammar मा पूर्णरुपमा सहयोग गर्ने र सम्पूर्ण Free Writing मा सहयोग गर्ने ।
- विद्यार्थीको क्षमताको आधारमा कक्षा सञ्चालन हुने, पहिलो दिन मात्र नेपाली बोल्न पाइने दोस्रो दिनबाट अंग्रेजी बोल्न सिकाइने र साधारण बोल्न र लेख्न ८ दिनमै सकिने ।
- प्रत्येक दिन २ जनाको बीचमा १ घण्टा लेख्ने र १ घण्टा बोल्ने व्यवस्था गरिने ।
- हप्तामा १ पटक परिक्षा हुने र 90 दिनसम्म विद्यार्थी असफल भएमा नि:शुल्क सिकाइने ।
- Audio and Video class and Projector को व्यबस्था भएको साथै विदेशीसँग कुराकानीको व्यबस्था मिलाइने ।
- Basic, Advance and Diploma पास भइसकेपछि Boarding School, INGO, NGO र अन्य अफिस मा जागिर पाउन सजिलो ।
- अंग्रेजी भाषा सिकेपछि मेजर अंग्रेजी (Major English) र विज्ञान विषयलाइ सहयोग गर्ने ।
- अंग्रेजी भाषा सिकाउने शिक्षक २०६१ सालबाट पढाएको अनुभव प्राप्त साथै आफनै किताबबाट सिकाइने र सी.सी. क्यामराबाट निगरानी गरिने ।
- साथै कम्प्यूटरका सबै कक्षाहरु बत्ती नभएको बेला पनि सञ्चालन भइरहेका छन ।

**इन्टरनेशनल इंग्लिश लैंग्विज एण्ड कम्प्यूटर इन्ष्टिच्यूट**

लक्ष्मीहल अगाडि वीरेन्द्रनगर-६, सुर्खेत । मो: नं ९८४८०७६८५६ (डी.बी. राना)

**यूनिक डेण्टल** केयर होम
मो. ९८४५९८७९३३, ९८१३१९६५००

**Dental Tips**
1.फ्लोराइड भएको टूथपेस्टले दिनमा २ पटक ब्रस गर्ने
2.मिठाई, जङ्क फुड र कोल्ड ड्रिङ्क जस्ता दाँतमा टाँसिने कुराहरू कम खाने।
3.६ महिनामा एक पटक दन्त चिकित्सकलाई चेक–अप गराउने।

**हाम्रो विशेष दन्त प्याकेज**
विवाह प्याकेजहरू 15% छुट
आर्मी सेलेक्सन प्याकेज 25% छुट
जागिरे प्याकेज 20% छुट
विद्यार्थी प्याकेज 25% छुट
व्यापारी प्याकेज 20% छुट

डा. शक्ति वि क
जेनरल एस्थेटिक डेण्टिष्ट
NMC No. २६२६०

डा. मुक्ति रानाभाट
कन्सलटेण्ट अर्थोडोण्टिष्ट
NMC No. १४९९३

पश्चिम नेपालकै सबै भन्दा ठूलो २८X४० साईजको मेसिनबाट छपाई
**RARA Printing Pvt.Ltd.**
**रारा प्रिन्टीङ्ग प्रा.लि.**
Kohalpur-11, NTV Road, Banke (कोहलपुर न.पा.-११, NTV रोड, बाँके)
Book & Copy Printing | Packaging Box Printing | Wedding Card Printing | Stamp | Fiber Bag Printing
हाम्रो यहाँ छपाई सम्बन्धी सम्पूर्ण काम गरिन्छ ।
सम्पर्क नं. ९८५८०६०६१५/९८५१४००४२३/९८५१३२९१३९

**युगआव्हान दैनिक**का लागि **प्रकाशक/सम्पादक**: दीपककुमार बुढा क्षेत्री, **कार्यकारी सम्पादक**: ओम बहादुर शाही, **प्रधान कार्यालय**: वीरेन्द्रनगर, सुर्खेत, **कर्पोरेट**: कोहलपुर न.पा.-११, एन.टि.भि. रोड, नेपालगञ्ज, बाँके
**शाखा कार्यालय**: सम्भूमार्ग एयरपोट, काठमाण्डौं, लमही-देउखोरी, दाङ, अत्तरिया-धनगढी, कैलाली **फोन**: ०८३-५२१६२७/९८५८०५२८१०, ९८५८०५५६२७,९८५८०५५६२८ **मुद्रण**: रारा प्रिन्टीङ्ग प्रा.लि., कोहलपुर, भवानी छापाखाना, सुर्खेत।